कर्णाली प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सचिव

**जुम्ला जिल्लाको राष्ट्रिय वनको आवाधिक योजना सहितको रणनितिक योजना निर्माण गर्ने प्रयोजनको लागि तयार पारिएको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन सम्वन्धमा राय सुझावको लागि आव्हान गरिएको सार्वजनिक सूचना**

**प्रथम पटक सूचना प्रकाशन!!!**

**(मिति २०८१/०३/१७)**

जुम्ला जिल्लाको राष्ट्रिय वनको आवाधिक योजना सहितको रणनितिक योजना निर्माण गर्ने प्रयोजनका लागि तयार गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन यस मन्त्रालयमा स्वीकृतिको लागि पेश भएको छ।

प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय सुझाव लिनका लागि प्रतिवेदन पढ्न र उत्तार गरी लैजान पाउने व्यवस्था रहेकाले यस आयोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन यस उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वेवसाइट http//moitfe.karnali.gov.np मा समेत सार्वजनिक गरिएको छ। उक्त प्रतिवेदनको सम्वन्धमा सरोकारवाला वा जो कसैको पनि उपयुक्त लिखित राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले प्रस्तावको स्वीकृति प्रक्रियामा त्यस्ता राय सुझावहरुलाई प्रस्तावमा सम्वोधन गर्न लगाउने भएकोले यस सम्वन्धमा व्यक्ति वा संस्थाको कुनै राय सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७(सात) दिनभित्र आफ्नो लिखित राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु:**

१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
   http://moitfe.karnali.gov.np

**राय सुझाव पठाउने ठेगाना**

१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
   इमेल : moitfe@karnali.gov.np /environment.karnali@gmail.com

२. प्रदेश वन निर्देशनालय,कर्णाली प्रदेश,सुर्खेत
   इमेल : pfdkarnali@gmail.com

३. डिभिजन वन कार्यालय,जुम्ला
   इमेल : dfojumla@gmail.com